# मगर जाति र सती घाटु

प्रस्तुतकर्ताः पदम श्रीस मगर
रामरेखा, बागलुङ

*मगर जातिको ऐतिहासिकता,*

एसियाको दक्षिणी भू-भागमा अन्य जातिको आगमन हुनुपूर्व मगर जातिको आदिम थलो थियो । प्राचीन कालमा हाम्रा पुर्खाहरुको आदिम राज्य रहेको सन्दर्भमा आगन्तुक जातिहरुले आफ्ना धार्मिक, सांस्कृतिक ग्रन्थहरुमा स्वीकारिएको/लेखिएको थुप्रै उदाहरणहरु पाइन्छन् । वर्तमान भारतका एकजना लेखकले लेखेकाछन् यह निश्चित है की मगर जाति हमारे वीर मगधिय है (मगर मगध से) नेपाल और उसकी संस्कृति ।' बुद्धकालीन समयभन्दा अगाडि गण्डकी (मगरात) प्रदेशका मानिसहरुलाई सिकन्दरका राजदूत हेरोडट्सले 'पँहेलो रङ्गका मानिस' र 'सुन खन्नेहरु' भनेकाछन्; आर्यहरुले 'स्वर्ण गोत्र' अर्थात् पँहेलो जातिका भनेका थिए । सोरठी नृत्यका एउटा प्रमुख पात्र राजा जयसिंहको राज्य रहेको स्थानमा सुनको खानी र सुन खन्ने हाम्रा मगर जातिको प्रमुख वासस्थान भएकोले त्यस क्षत्रलाई सँवरी-भँवरी भनेकाहुन् । 'पञ्चायतकालीन समयमा राजदरबारबाट खटिई आउनेहरुले यहाँ सँवरी-भँवरीबाट सुन निकालेर लैजाने गर्दथे' सँवरी-भँवरीका मगर बृद्ध-बृद्धाको भनाइ (जनश्रुति) पाइन्छ । तिहार पर्वमा नृत्य गरिने 'भैलो-देउसी रे' का एउटा प्रमुख पात्र राज वलिहाङ सम्बन्धी प्राप्त लेखहरुमा भनिएको छ 'मगर राजा वलिहाङको राज्य कास्की पोखरा देखि भारतको गोरखपुरसम्म थियो ।' राजा बलिहाङको राजधानी महाभारत पर्वतमाथि भएकैले त्यस ठाउँको नाम बल्ढेङगढी रहन गएको हो, हाल यो बल्ढेङगढी पाल्पा जिल्लाको पश्चिम दक्षिण क्षत्रमा पर्दछ । १८०० ईसापूर्व गान्धार तक्षशिलामा मगर जातिको राज्य थियो । ऋषि अङ्गिराका जीवनकालमा वरुण-पालमद्रको वार्तालापमा उल्लेख छ 'असुर मंगुर (मगर) के चमडे या ताँवेका जैसे वर्णका होते हैं'...'यहाँ वस्तुतः अनार्य मंगुर (मगर) जङ्गलो मे रह गए हैं' (आर्य 'हिन्दू' हरुले यहाँका आदिमवासी मगरहरुलाई अनार्य असुर (राक्षस) जातिमा परिणत गरेका थिए । आर्यहरु यस जम्वु द्वीपमा प्रवेशको क्रममा ब्यक्त यी भनाइहरुले यस भू-भागमा मगर जातिको प्राचीनता स्पष्ट देखिएको छ ।

*सती घाटु*

मगर जातिको जीवनपद्दतिसँग जोडिएको सांस्कृतिक पक्षको अध्ययन गर्दा हामीले अवलम्बन गर्दै आएको सांस्कृतिक पृष्ठभूमिलाई पनि केलाउनु पर्ने हुन आउँछ । मगर जातिभित्र रहेका लोक संस्कृतिहरुको लिखित इतिहासहरु नभए पनि हाम्रो जातिभित्र परम्परादेखि मान्दै आएको संस्कार, संस्कृतिहरु अभिभावकहरुबाट आजपर्यन्त केही सीमित ठाउँका मगरहरुले बचाएर राख्न सङ्घर्ष गर्दै आएकाछन् । यद्यपि प्रचलनमा रहेको सोरठी, घाटुको सांस्कृतिक इतिहास, कला, नृत्य यसैको एउटा कडी हो, एउटा निरन्तरता हो । हामीहरुको लोक संस्कृतिको विषयमा लेखिएका जे-जति सांस्कृतिक लिखित् इतिहासहरु छन्, ती सबै आगन्तुक जाति तथा विदेशी अन्वेषकहरुले लेखेका जनश्रुति तथा किंवदन्तीहरुमा मात्र सीमितछन् । तिनै अरुले लेखिदिएका हाम्रा सांस्कृतिक इतिहासलाई हामीले आफ्नो सांस्कृतिक इतिहासको आधारको रुपमा स्वीकार्न कर लागेको छ । ती इतिहासहरुलाई यथार्थपरक

मान्नुपर्ने हो भने पनि मगर जातिको जीवन पद्दतिसँग सम्बन्धित सती घाटु, सोरठी जस्ता जीवन्त लोक संस्कृतिहरुको प्रादुर्भाव कहाँ कसरी कहिले ? भयो आदि खुलेको पाइँदैन । केवल घाटु, सोरठी नृत्य यो समयमा यसरी नाच्दछन्, गीत र पोसाक यस्तो हुन्छसम्म लेखिएको पाउँदछौ । यस प्रकारको आवरणीय र सतही लेखहरुले घाटु, सोरठी लोक संस्कृतिको अन्तरवस्तु के हो ? यस विषयमा प्राप्त लेख, इतिहासहरु मौन रहेको पाइन्छ ।

*<u>मगर जातिमा रहेको सती घाटु प्रकृतिसँग सम्बन्धित छः</u>*

१. आदिम कालमा मगर जातिहरुको पारिवारिक संरचना मातृसत्तात्मक रहेको थियो । त्यसैले नारी, पृथ्वी, प्रकृतिलाई हाम्रो मगर जातिले मातृत्व भावमा ग्रहण गरेको छ । हाम्रा पूर्वजहरुले भूमि (पृथ्वी) मा खेती-बाली लगाउनुपूर्व भूमिको पूजा गर्ने गर्दथे; यो भूमि पूजा गर्ने कार्यलाई मगर जातिले यद्यपि निरन्तरता दिंदै आएकाछन् । मगर जातिको बाहुल्यता भएको ठाउँमा भूमेथान, बजु-बराजु थानहरु हुनु र खेती-बाली लगाउने (उँभौली) समयमा भूमे पूजा गरी हप्तौं भूमे मेला हुन जानु यसको ज्वलन्त प्रमाणहरु हुन् ।

२. मगर जातिमा भएको यो सती घाटु प्रकृतिदेवीको उपासना-आराधना पनि भएकोले ठीक खेती-बाली लगाउने उँभौली समय (माघे श्रीपञ्चमीदेखि वैशाखे पूर्णिमासम्म) मा सती घाटु नृत्य गराउँदछन् । घाटु नृत्य गराउँदा मनोरञ्जनको उद्देश्यले मात्र गराउँदैनन् । मगर जातिको यो संस्कृतिसँग प्रकृति पूजाको सम्बन्ध जोडिएको छ । 'आगामी वर्षमा सबेको भलो होओस्, मानव जातिमा आइपर्ने दैवी दुर्घटना अन्य विपत्तिबाट सुरक्षा होओस्' भन्ने कामनाका साथै आगामी वर्षको समय शुभ-अशुभ के छ ? राज्यमा के-कस्ता घटनाहरु घट्नेछन् यी सबैको निदान गर्नको लागि सती घाटु नृत्यमा भविष्यवाणी गराउने गर्दछन् । सती घाटु नृत्य गराउँदा गुरु आमाबाट गीत द्वारा घाटु कन्यालाई सोधनी हुँदा घाटु कन्याबाट भविष्यवाणी गर्ने गर्दथिए भन्ने जनश्रुति पङ्तिकारले अनुसन्धानको क्रममा पाएको थियो । मगर जातिमा यस्तो भविष्यवाणी गराई माग्ने गीतहरु घाटुका विज्ञ गुरुआमाहरुको अन्त्यसँगै लोप भएर गइसकेको छ । अब घाटु सम्बन्धी भविष्यवाणीको प्रक्रिया थारु (गुरौ) जातिहरुसँग मात्र बाँकी रहेको छ ।

*<u>सती घाटु विधि (बागलुङ, रिघा):</u>*

सती घाटु नृत्य प्रारम्भगर्दा चोखो ठाउँ (भूमि) मा कन्या केटीहरुबाट गाईको गोवरले लिपि चारकुने पूजा मण्डप तयार गर्ने गर्दछन् (पूजा मण्डप तयार गर्दा घाटु गीत द्वारा निर्देशित हुन्छ) र अन्य पूजाकार्यमा जस्तै जौ, तील, अक्षता, पाती, धूप-दीप, फल-फूल, सुनपानी, बेतको लौरी, चँवर, धनुषवाण आदि सामग्री जुटाएर मण्डपको चारै कुनामा निगाला, पैंयुवृक्षको हरियो घाँससहितको लिँगो ठड्याई लिँगोको चारैतर्फबाट ध्वजा-पटाकाहरुले सजाइएको हुन्छ । त्यसपछि जुठो, सुतक, रजस्वला, शारिरिक अङ्गभङ्ग नभएका, कुकुरलगायत जनावरहरुले नटोकेका कन्या केटीहरुलाई मण्डपमा राखिसकेपछि सती घाटुको गीत तथा विधि सबैमा विज्ञ भएका (पाल्पा, तनहुँ, स्याङ्जामा घाटु गुरुआमा नारी हुन्छन् र गुल्मी, बागलुङ जिल्लामा पुरुष गुरुबा) गुरुआमा, गुरुबाले आफ्ना सहायक गुरु-गुरुआमा-सहित मण्डपमा बसिसकेपछि घाटु कन्यासहित मण्डपमा बसेका सबैलाई सुनपानीले चोख्याई शुद्ध गराएर घाटु देवी-देवतालाई (बागलुङ जिल्ला रिघामा) गीतबाट यसरी आव्हान् (बोलाउने) गर्दछन् ।

बागलुङ जिल्लामाः 'पहिलो चरण गुरुदेव तुम चली आऊ,
हरे ! बालु ज कुमारीको शिरै चली आऊ, (बालु ज+बालिकाको)
यहाँ के रे धरती माता तुम चली आऊ,

हरे ! बालु ज कुमारीको शिरै चली आऊ
सत्य युगको सत्यदेवी तुम चली आऊ,
हरे ! बालु ज कुमारीको शिरै चली आऊ,
क्रमश................ .....................'

पाल्पा, तनहुँ र स्याङ्जा जिल्लामा घाटु देवतालाई आव्हान् गर्दा ऋतुवर्ण राजा, कैलाश राजा, सत्यवती रानी, विद्यावती रानी... आदि भनेर बालाउँदछन् । गुरुङ जातिको घाटुमा हिउँचुली, देवचुली, वरचुली... आदि देवी-देवताहरुलाई गीतैद्वारा बोलाउँछन् । यी घाटु देवी-देवतालाई बोलाउने विधि र घाटु गीतहरु जाति विशेष ठाउँ क्षत्रअनुसार भिन्नता भएको पाइन्छ; सबै ठाउँमा एकै प्रकारको भएको पाइँदैन । घाटु देवतालाई मानव कन्यामा प्रवेश (आउन) गराउन आव्हान् गर्दा पूजा मण्डपमा बसेका कन्याहरुमध्ये सबैमा घाटु देवी-देवताले प्रवेश नगर्न सक्दछ । घाटु देवी-देवता प्रवेश (ले छोएका) गरेका कन्याहरुको तत्क्षण नेत्रपट्टल (आँखा) बन्दहुने गर्दछ । घाटु देवता नउत्रेका कन्याहरुलाई पूजा मण्डपबाट बाहिर पठाएपछि घाटु गुरुबाले गाउँदै गरेको गीतको भावअनुसार हाउभाउ गर्दै बसिरहेका घाटु कन्याहरु उठेर नृत्य गर्ने गर्दछन् । यसरी नृत्य गर्दै जाँदा त्यो दिनको नृत्य गर्ने कार्य समाप्त भएपछि फेरि अर्को दिन नृत्य गर्न बोलाउने गरी गीतैद्वारा घाटु देवी-देवताहरुलाई बिदाइ गर्ने गर्दछन्, त्यसपछि घाटु कन्याहरुको आँखा खुल्दछ । सती घाटु नृत्यमा वाद्यवादन प्रयोगमा ल्याइएको पाइँदैन; घाटु कन्याले नृत्य गर्दा गोडामा लगाएको घुँघरुको मीठो आवाज गीत-नृत्यको तालअनुसार छम...छम..छम...आवाज आउँदछ र सहायक गुरुआमा-गुरुबाहरुले हातको तालीले वाद्यवादनको आवश्यकता पूरा गर्दछन् ।

*घाटु नामकरण:*

यो लोक संस्कृतिको घाटु नामकरण कसरी भयो, कसले कहाँ कहिले सुरु गऱ्यो भन्ने सन्दर्भमा घाटु संस्कृतिका लेखक (शोधकर्ता) हरुको आ-आफ्नै मत छ । जनकवि केशरी धर्मराज थापाः 'गुरुङ जातिका राजा शिकार खेल्न जाँदा उनले शिकारी देवताको पूजा गरे । राजाको पूजाबाट खुसी भई शिकारी कुकुरलाई लगाइदिने घाँडो दिए; त्यही घाँडो राजाले आफ्नो घाँटीमा बाँधेर नृत्य गर्न थालेपछि राजालाई देवता चढ्न थाल्यो र स्थानिय बोलीचालीअनुसार कसैले त्यसलाई घाँगो भने कसैले घाँगो भन्दा-भन्दै घाटु भने' भन्दछन् । तमु लोक संस्कृतिका विज्ञ इन्द्रबहादुर अदिलेम गुरुङः 'घाटु गीति शैलीमा गरिने नाटक हुनाले गीति नाटक पनि भन्दछन्, गीतको स्वर र लयमा दैवी (अदृश्य) शक्ति हुने हुँदा उक्त अदृश्य शक्तिलाई आव्हान् गर्दा हाऽऽ..आ..गर्दै बोलाइने र शब्दको प्रत्येक अक्षरलाई स्वर (लय)मा (शास्त्रीय गीतको लयअनुसार) परिणत गर्दा गीतका अक्षरहरु स्वर बनेर घाँटीमा रहेको रुद्रघण्टीमा ठोकिई घाँटीबाटै स्वर-लयसहितको आवाज आउने भएकोले घाटु नामकरण भएको हो ।' ललिसरा राना मगर: 'स्याङ्जा जिल्लामा नौ कन्यामाईले समातेकी महिलाहरुले घाटु नृत्य गराउँदछन् ।' लक्ष्मीनारायण थारु (गुरौ): 'वर्षौं पहिला तराईमा बस्दा धेरै रोग ब्याधि, भूत-प्रेत आदि चीजहरुले मानिसहरुलाई बाँच्न गाऱ्हो हुने गर्दथ्यो । (थारु भाषामा अर्के नाम) यो घाटु नाच नाच्ने बेलामा देउ उत्रेर नाच नाच्दा सबै भूत-प्रेत, दैविय शक्ति, दूषित वातावरण यही घाटु नाचबाट मोहित भई मानिसहरुलाई रोग-ब्याधि, औलो नलाग्ने र बाँच्न सहज हुने कारणले घाटु नाच नाचिन्छ ।'

*घाटु नृत्यको वर्गीकरण:*

१. सती घाटुः सती घाटु नृत्यमा नृत्य गर्ने कलाकारहरुमा घाटु देवता नचढे (देवताले नछोए) सम्म सती घाटु नृत्य गराउने प्रचलन भएको पाइदैन ।
२. बाह्रमासे घाटुः यो घाटु चाहेको बखत जहिलेसुकै नृत्य गराउने गरिन्छ । नृत्यमा घाटु कलाकारहरु

सिंगार-पटार गरेर विविध वाद्यवादनको तालमा आँखा हेरेर नै नृत्य गर्दछन् ।

*बाह्रमासे घाटु र सती घाटुको विशेषता:*

१. गुरुङ जातिमा लोकप्रिय (हाल मगर जातिमा पनि) रहेको बाह्रमासे घाटुको कथावस्तु यस्तो छ: प्राचीन कालमा तमु (गुरुङ) जातिको राज्य रहेको लमजुङमा घले (गुरुङ) राजाको सट्टा खस जातिलाई राजा बनाउन कास्कीका राजा कुलमण्डन शाहका माईला छोरा कालु शाहलाई ल्याएर वि.सं.१४५० आषाढ १५ मा लमजुङ दरबारमा राजा स्थापना गरे; तर कालु शाह घले राजा सँगै शिकार खेल्न जाँदा मारिए । राजा कालु शाहका रानी त्यतिबेला गर्भिनी थिइन्, रानीबाट पछि पुत्र जन्मन गयो र राजकुमारको नाम परशुराम (प्रश्रामु) राखे । लमजुङ दरबारका भारदारहरुको मृतक राजा कालु शाहको विधवा रानी सँगको पूर्व शर्तअनुसार परशुरामलाई लमजुङ ‘इलुङपोखरी’को राज्य दिए । पछि कालु शाहको भाई लमजुङ दरबारका राजा यशोब्रह्म शाहका छोरा नरहरि शाह समेतले इलुङपोखरीका राजा परशुराम शाहलाई घेराबन्दीमा पारेर वैशाख पूर्णिमाको दिन मारिदिए । परशुरामको विधवा रानी वसन्तावती सती गइन् । लमजुङ चौध खोला (चत्क्युनासा) खानीगाउँका भादु गुरुङले मृतक राजा परशुरामको जीवनी गाथालाई वियोगान्त गीति नृत्य (घाटु) रचना गरेर प्रत्येक वर्षको वैशाख पूर्णिमाको दिनमा गीति नृत्य प्रदर्शन गर्न थाले । यस नृत्यमा पनि मगर जातिको सती घाटु नृत्यमा जस्तै दैविय शक्ति (देवता) चढ्दथ्यो; तर देवता चढाई नृत्य गराउँदा लमजुङे गुरुङहरुको भेडीगोठहरुमा केही विघ्न-बाधा पर्न गएकोले घाटु नृत्यको सुरुवातमा घाटु नृत्य गर्ने कन्यामा देवतालाई आव्हान् गरे पनि पुनः घाटु देवतालाई घाटु कन्याबाट छुटाएर नृत्य गराउन थाले । यसरी देवता नचढाई नृत्य गराउने र जुनसुकै समयमा पनि नृत्य गराउने भएकाले बाह्रमासे घाटु भनिन थालिएको हो ।

२. सती घाटु नृत्य अन्य प्रचलित लोक संस्कृतिका गीत नृत्यहरु जस्तो गीत गाउने/नृत्य गर्नेहरुको स्वेच्छामा वा आयोजकहरुको निर्देशन/सङ्केतमा चाहेको बेला नृत्य गराउन मिल्ने, बन्द गराउन मिल्ने नृत्य होइन । सती घाटु आध्यात्मिक दैवी शक्तिबाट निर्देशित अमूर्त संस्कृति भएको पाइन्छ । नृत्य गर्न चाहने नारीहरुमा सतीदेवीले प्रवेश नगर्दासम्म सती घाटु नृत्य गराउँदैनन् । देवी चढेका घाटु कलाकार-हरुले पनि आफूखुसी जसरी मन लाग्यो त्यसरी नृत्य गर्ने अथवा बस्ने गर्दैनन्, घाटु गीतको कथा भाव-अनुसार नृत्य गर्ने गर्दछन् । घाटु देवता चढी आँखा बन्द भएका घाटु कन्याहरुलाई घाटु गुरुआमा, गुरुबाले गाउने गीतले निर्देशित गरेको हुन्छ र भौतिक रुपमा घाटुका सुसारेहरुले काम गरेका हुन्छन् ।[१] जस्तै घाटुहरुलाई शुची गर्नुपरेमा आफ्ना सुसारेहरुलाई संकेत/सूचना गर्न सक्छन् र सुसारेहरुले बोकेर वा डोऱ्याएर लैजाने-ल्याउने, लगाएका कपडा, गहना नृत्य गर्दा खोलिन-फुस्कन गएमा मिलाइदिने गर्दछन् । त्यसै गरी घाटु कन्याहरुले कुनै खाने-पिउने खाद्यान्न-फलफूल वस्तुहरु खाँदा मजेत्रो (च्यादर) ले खाने वस्तु र आफ्नो अनुहार अरुले नदेख्ने गरी छोपिएर खाने र खाँदा आवाज ननिकालेर खाने गर्दछन् । घाटु कलाकारहरुले नृत्य अवधिभर कसैसँग पनि कुरा गर्ने र ठट्यौलीपारामा हँसी मजाक गरेर बोल्ने गर्दैनन्, घाटु गुरुबा/गुरुआमा अरु सर्वसाधारण दर्शकले पनि अलौकिक दैविय शक्तिको रुपमा मानेर सम्मान प्रकट गर्दछन् ।

[१] *घाटुका सुसारे पुरुषहरुले धनुषकाँड, बेतको लौरी, पूजा सामग्री र अन्य बाहिरी शुरक्षाको प्रवन्ध आदि कार्य गर्दछन् । नारी सुसारेहरुले घाटु कन्यालाई शुची गराउन लैजाने, खानपिन, पोसाक, मण्डप सजाउने आदी कार्य गर्दछन् ।*

*मगर जाति र सती घाटुको अन्तर सम्बन्ध:*

प्राचीन कालमा हालको जस्तो ज्योतिष विद्या जानेका विज्ञहरुको सर्वशुलभता थिएन, सबै शुभकार्य प्रकृतिमा भर पर्दथे । यात्रा-साइत वा अन्य शुभकार्य गर्दा झारपात, आकाशकका ताराहरु,

बोका-कुखुरा काटेको बेलामा त्यसको कलेजो-पात्रो, पशु-पंक्षी कराएको आवाज सुनेर, त्रिपासा खेलेर साइत जोखना हेर्ने चलन थियो । यो सती घाटु पनि विशुद्ध मनोरञ्जनको साधन मात्र नभएर रोग-ब्याधि हरणको लागि र आगामी दिन के-कस्तो छ भविष्यवाणी गराउने मगर जातिको प्रकृतिसँगको निकटता र जीवन पद्द्तिसँग जोडिएर आएको आध्यात्मिक लोकसंस्कृति भएको पाइएको छ । प्रत्येक वर्षको वैशाख पूर्णिमाको दिन किराँत जातिहरुले आफ्ना पुर्खाहरुको स्मरण गर्दै 'आगामी दिन सुखमय होओस्, कृषि वाली राम्रो होओस्' भनेर प्रकृति देवीको पूजा गर्नुको साथै साकेला नाच नाच्दै उँभौली पर्व मनाए जसरी हामी मगर जातिका पुर्खाहरुले पनि ठीक उँभौली पर्व वैशाख पूर्णिमाको समयमा आफ्नै अविवाहिता कन्याको शरीरमा सत्य देवीलाई गीतद्वारा आव्हान् गरी आउँदो समय-साल समुदाय तथा राज्यमा सुभिक्ष-दुर्भिक्ष के हुन्छ घाटु कन्याद्वारा भविष्यवाणी गराउने र आफ्ना परिवार, समुदायमा रोग-ब्याधि नलागोस्, सुखपूर्वक जीवनयापन गर्न पाइयोस् भनेर पूर्वजहरुले प्रकृतिको शरणमा जाने गरी प्रचलनमा आएको यो सती घाटु हो ।

*<u>मगर जाति र लोक संस्कृतिः</u>*

हामी मगर जातिहरु दैनन्दिनी जीवनवृत्तिको लागि विभिन्न काम-कार्यहरु गर्दै आए पनि मेला, घाँसपात, पानी-पँधेरा गर्दा जात्रा पर्वमा समयअनुसारको गीत र नृत्यमा रमाइरहेका हुन्छौं, साँच्चै भन्ने हो भने मगर युवक-युवतीहरुले आफ्ना जीवन साथी यस्तै मेलापात, हाटबजार, चाड-पर्वको माध्यमबाट रोज्ने-खोज्ने गर्दथे । मगरहरुले असार महिनामा धानखेती रोपाइ गर्दा वाली (ओहाली), भाद्र महिनामा कोदो रोप्दा सालैजो-यानीमाया, असौज-कार्तिक-मङ्सिर-पुससम्म सोरठी, नचरी, मारुनी नृत्य, माघ-फागुन-चैत्र-वैशाख-जेठसम्म घाटु, कौडा, हुर्रा नृत्यमा रमाइरहेका हुन्छन् । मगरहरुले जतिसुकै दुःख-कष्ट भोग्नपरे तापनि बाह्रै महिना सामयिक, सामाजिक, धार्मिक लोकगीत तथा लोकनृत्यमा भुलेर-रमाएर जहिलेसुकै हँसिलो र रमाइलो गर्दै जीवन ब्यतीत गर्ने जाति हुन् । पछिल्लो कालखण्डमा समय परिवर्तनसँगै विद्युतिय मनोरञ्जनका विविध सामग्रीहरु सर्वशुलभ हुँदै जानु र बदलिंदो परिवेशअनुसार पारिवारिक ब्यस्तताले गर्दा मौलिक लोक संस्कृतिमा हाम्रो जातिको सहभागिता लोपोन्मुख अवस्थामा पुगेको छ ।

*<u>सती घाटु लोपोन्मुख अवस्थामा पुगेको छः</u>*

प्रकृतिसँग सम्बन्धित सती घाटु लोपोन्मुख अवस्थामा पुगेको छ, यसको कारणहरु विविध छन्;
(१) पूर्वजहरुको समयमा वर्तमान समयमा जस्तो विद्युतिय मनोरञ्जनको साधन थिएन, सबै समुदायहरु मनोरञ्जनको लागि विभिन्न सामयिक, सामाजिक पर्वहरुको प्रतीक्षामा रहन्थे, लोक संस्कृतिका विज्ञहरुले पनि आफूले प्रस्तुत गर्ने कला-संस्कृतिलाई कण्ठष्ट गरिराख्ने र आफ्ना भावी पुस्ताहरुमा पनि पुस्तान्तरण गर्दै लैजाने परम्पराले परम्परागत संस्कृतिले निरन्तरता पाउने गरेको थियो; तर गतिशील समय परिवर्तनसँगै मनोरञ्जनका विद्युतिय सामग्रीहरुको सर्वशुलभताले गर्दा पौराणिक संस्कृतिमा नया पुस्ताको आकर्षण घट्दै गएकाले हाम्रो यो सती घाटु लोपोन्मुख अवस्थामा पुगेको छ ।
(२) यो सती घाटु नृत्य गराउँदा नृत्य गर्ने कलाकारमा त स्वभाविकैले सती (घाटु) चढेको हुन्छ नै; तर नजिक रहेका अन्य नारी (जसलाई सतीदेवीले रुचाएकी चोखीछिन्) लाई पनि सती घाटु लाग्ने भएको र घाटु देवतालाई छुटाउन धामी-झाँक्री, वैद्य, अस्पतालको उपचारले नहुने घाटुका विज्ञ गुरुको आवस्यकता पर्ने भएकोले आफ्ना छोरी-बुहारीलाई अभिभावकहरुले सकेसम्म घाटु लगाउने समयमा घाटु मण्डप देखि टाढै राख्न चाहन्छन्, युवती (कन्या)हरु पनि यो आध्यात्मिक तथा अलौकिक अदृश्य शक्तिको प्रभावबाट टाढै रहन चाहने भएकाले यो सती घाटु लोक संस्कृति लोपोन्मुख अवस्थामा छ ।

*सती घाटु तथा बाह्रमासे घाटुसँग सम्बन्धित विविध पक्ष:*

१. मगर जातिसँग सम्बन्धित सती घाटु प्राचीन कालमा मगरहरुको राज्य मगध देशबाट प्रादुर्भाव भएर आएको थियो ।

२. मगर जातिको सती घाटुमा सत्ययुगको सत्यदेवी चढेको कन्याले सती घाटु प्रमुखको भूमिकामा अभिनय गर्दछन् ।

३. धाटु नृत्यमा रहेका विभिन्न पाठ, खण्डहरुलाई डाँडी भनिन्छ ।

४. तमु (गुरुङ) जातिका लोक संस्कृतविद इन्द्रबहादुर अदिलेम गुरुङ भन्नु हुन्छ-'चैत्र, वैशाखमा अइरी - शिकारी) कुकुरको घाँडो नबज्ने वन (जङ्गल) र घाटुको राग नगाउने गाउँको शोभा हुँदैन' ।

५. वर्तमान समयमा घाटु नृत्य भएका मगर, गुरुङ, नेवार (नेवार जातिमा भएको घाटु नेवार राजाले वि.सं.१८२२ मा बन्द गराएका थिए) थारु (गोरत-चौतरिया), थारु (गुरौ), दरै (दराई), वराम, बाहुन (अर्याल) जात-जाति हुन् ।

६. नेपालका सबै जात-जातिमा रहेको (किराँत जातिको उँभौली-उँधौली पर्वबाहेक) पुराना विविध लोक गीत, लोक संस्कृतिहरु आधुनिक गीत, संगीत, लय, ताल सँग मिश्रित (Remix) भइसकेको भए पनि मगर जातिमा भएको यो आध्यात्मिक लोक संस्कृति सती घाटु मिश्रित भएको छैन ।

७. सती घाटुमा नृत्य गर्ने नारीहरुले घाटु नृत्य गर्न नचाहेमा सँधैको लागि घाटु देवीलाई छुटाइ (बाटो कटाइदिने) दिनु पर्दछ । त्यसो हुन नसकेको खण्डमा सती घाटु नृत्यको समयमा ती घाटु नाचेका नारीहरुलाई घाटु देवीले छोप्ने, आँखा बन्द हुने झोक्र्यार बसिरहने सम्भावना रहन्छ ।

*समापन:*

नेपालका किराँत जातिहरुले बालीनाली लगाउने समय बैशाख पूर्णिमाको दिन आफ्ना पूर्वजहरुको स्मरण गर्दै सबैमा सुख-शान्ति छाओस्, दु:ख-कष्ट आइनपरोस्, भनेर प्रकृति (भूमि)को पूजा गर्दै साकेला नृत्यमा रमाउँदै उँभौली पर्व मनाउँछन् । यसरी नै हामी मगर जातिका पूर्वजहरुले पनि वैशाख पूर्णिको दिनमा प्रकृतिदेवीलाई आफ्ना कन्याहरुमा विधि पूर्वक बोलाएर आगामी वर्षमा सबै सत्व प्राणीहरुमा सुख-शान्ति छाओस्, रोग-ब्याधबाट सबै मुक्त होओस् भनेर भूमिको पूजा गर्ने, आगामी समय-सालको विषयमा प्रकृति (सत्यदेवी) सँग साक्षातकार गरी घाटुद्वारा भविष्यवाणी गराउने गर्दथिए । पूर्वजहरुले प्रकृतिसँग साक्षातकार गर्दै आएको यो संस्कृतिलाई किराँतहरुले जसरी हामीहरुले निरन्तरता दिन सकेनौं । सती घाटु नृत्यलाई एउटा अमूर्त कलाको रुपमा मात्र लिने गरियो; यो संस्कृतिको राम्रा पक्ष, नराम्रा पक्ष र यसको आध्यात्मिक अन्तरवस्तुको विषयमा गहिराइसम्म पुग्ने प्रयास गरेनौं, केवल अन्य जात-जातिको संस्कार, संस्कृतिमा रमाउने र आफ्नो मौलिक संस्कृतिलाई लत्याउँदै जाने प्रवृतिले मगर जातिहरु शनैः शनैः लोक संस्कृतिको सन्दर्भमा दिशाहीनको अवस्थामा पुगेको छ ।

*यो कार्यपत्र तयार गर्दा उद्‌ध गरिएका सन्दर्भ सामग्री तथा स्रोत:*


१. प्राचीन मगर र अक्खालिपि २०५९ एम.एस.थापा मगर ।

२. तमु (गुरुङ) सांस्कृतिक दिग्दर्शन २०६८ प्राज्ञ पैंडी इन्द्रबहादुर अदिलेम गुरुङ ।

३. नेपालको लोक संस्कृति घाटु नृत्य २०६८ पदम श्रीस मगर ।

४. पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति २०५० केशरजङ बराल मगर ।

५. नेपाल और उसकी संस्कृति (मगर मगध से) पं.मुरलीधर भट्टराई ।

६. किरात वंश र मगरहरु एक ऐतिहासिक सर्वेक्षण २०४९ स्व.डा.हर्षबहादुर बुढा मगर ।

७. वोल्गा से गङ्गा ई.सं.२०११ राहुल सांकृत्यायन ।
८. पुरानो लोक सांस्कृतिक इतिहास २०६६ टोलबहादुर दुत थापा मगर ।
९. हाम्रो सांस्कृतिक इतिहास २०२५ कालिभक्त पन्त ।
१०. हाम्रा चाड पर्वहरु रेखबहादुर सारु थापा मगर ।
११. स्रोतः रासबहादुर गुरुङ कास्की, अर्चलबोट ।
१२. सोतः तारासिंह थापा मगर गुल्मी संवर भंवर ।
१३. स्रोतः चेतबहादुर राना मगर गुल्मी संवर भंवर ।

*(यो सती घाटु कार्यपत्र 'माष्टर मित्रसेन स्मृति प्रतिष्ठान'काठमाडौले आयोजना गरेको मगराती सांस्कृतिक घाटु नृत्य सम्बन्धि १ (एक) दिवसिय अन्तरकृया कार्यक्रम कमलादी काठमाडौमा २०७१/०२/१० गते पेश भएको थियो ।)*